रखापत्र

देश

स्थानीय सरकार

## भोटेकोशी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०६)

यस आ.व. ०७७/०७८ मा तपसिल बमोजिमका निर्माण कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त मुल्य अभिवृदि करमा दर्ता भएका इच्छुक निर्माण कम्पनीहरुबाट वा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरू:**

- बोलपत्र सम्वन्धी कागजातहरु www.bolpatra.gov.np/egp मा गएर प्राप्त गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातहरु खरिद वापत रु. ३,०००।- (तीन हजार मात्र) फिर्ता नहुने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेड, तातोपानी शाखामा रहेको गाँउपालिकाको राजश्व खाता नं. 0920001341 मा जम्मा गर्नुपर्नेछ ।
- ईच्छुक बोलपत्रदाताले बोलपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित मितिले ३० औ दिन सम्ममा खरीद गरी ३१ औ दिनको १२.०० बजेसम्ममा मात्र दर्ता गरी सक्नुपर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे खोलिनेछ ।
- ईच्छुक बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गएर बोलपत्र फाराम Download गरि धरौटी खातामा जमानत बापतको रकम जम्मा गरेको भौचर र अन्य आवश्यक सम्पूर्ण कागजातहरु (स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, ईजाजतपत्र नविकरणको प्रतिलिपी) स्क्यान गरि upload गर्नुपर्नेछ । जमानत वापतको रकम नेपाल बङ्गलादेश बैंक लिमिटेड, तातोपानी शाखामा रहेको धरौटी खाता नं. 0920000841 मा जम्मा गर्नुपर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकबाट सो बरावरको जमानत पेश गर्नुपर्नेछ र उक्त जमानतको मान्य अवधि १२० दिनको हुनुपर्नेछ ।
- बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन माथि उल्लेखित समय तथा प्रकृयामा हुनेछ ।
- बोलपत्र शर्त रहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएका दस्तावेजहरु कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाउँमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनामा भएका शर्तहरु विपरीत बोलपत्र माथी कार्यवाही हुने छैन ।
- सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु (भ्याट बाहेक) दररेटमा समावेश गर्नु पर्नेछ । ठेक्कामा मूल्यवृद्धि लागु हुनेछैन ।
- कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ ।
- रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमोजम तोकीएका बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा खोलिने छ । तोकीएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
- ठेक्का कार्यहरुको सक्षिप्त विवरण :

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट र पि.एस. बाहेक) | जमानत वा विडवण्ड रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 03-BRM-NCB-077/078 | चाकु मार्मीङ सडक निर्माण तथा स्तरोन्नती कार्य । | 1,69,81,549.28 | 580,000.00 | 3,000.00 | e-bidding only |
| २ | 04-BRM-NCB-077/078 | हिन्दी नारायनथान सडक निर्माण तथा स्तरोन्नती कार्य । | 1,69,90,985.73 | 580,000.00 | 3,000.00 | e-bidding only |

प्रमुख प्रशासकीय अधिकृत

Office of the Chief Attorney